नेपाल राष्ट्र बैंक
विकास बैंक सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं.: ४४१२३०९
फ्याक्स: ४४१४१४३
e-mail: nrbdbsd@nrb.org.np
Web-site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३

# एच एण्ड बि डेभलपमेन्ट बैंक लि. को सञ्चालक समितिलाई बर्खास्त तथा कार्यकारी प्रमुखको अवकास सम्बन्धी

## सूचना

एच एण्ड बि डेभलपमेन्ट बैंक लि.को कुलेश्वर शाखामा तत्कालीन समयमा भएको गुड फर पेमेण्ट चेक लगायतको विवादित विषयमा छानविन गर्न गठित विशेषज्ञ छानविन समितिले पेश गरेको प्रतिवेदनबाट सिस्टममा प्रविष्टि (Accounting Entries) भएको कारोवार, बैंकमा उपलब्ध अन्य प्रमाणहरुको अध्ययन गर्दा उक्त अनियमित कार्यमा संस्थाको सञ्चालक समिति तथा कार्यकारी प्रमुखको प्रत्यक्ष संलग्नता नदेखिए पनि बैंकका निक्षेपकर्ता र शेयरधनीको हितको संरक्षण गर्नुपर्ने मुख्य दायित्व सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको भएकोमा त्यस अनुरुप पूर्णरुपमा आफ्नो दायित्व निर्वाह गर्न नसकेको, वित्तीय अपचलनका घटनाहरु नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त राख्न चाल्नु पर्ने आवश्यक कदम नचालेको, सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृतले आफ्नो पदीय जिम्मेदारी बहन गर्ने क्रममा अपनाउनु पर्ने व्यवसायिकता, शतर्कता तथा कार्य दक्षता प्रदर्शन नगरेको देखिएको । साथै, यस बैंकको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन, २०६९ मा उल्लेख भएअनुसार २०६९ आषाढ मसान्तमा रु.५.७३ करोड कुलेश्वर शाखाको केन्द्रीय कार्यालयसँग हिसाव नमिल्दा समेत सञ्चालक सम्बद्ध समिति तथा कार्यकारी प्रमुखले हिसाव मिलाउन सोधखोज नगरेको लगायतका कारणहरुले सञ्चालक समिति तथा कार्यकारी प्रमुखले संस्थालाई नियन्त्रण सन्तुलनमा राख्न नसकेको पुष्टि भएकोले विशेषज्ञ छानविन समितिले पेश गरेको प्रतिवेदन एवं समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन, २०६९ समेतका आधारमा निलम्बित सञ्चालक समितिलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५४ को उपदफा (५) को खण्ड (ख) बमोजिम बर्खास्त गरिएको एवं निलम्बित प्रमुख कार्यकारी अधिकृत जसोदा सैंजुलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (४) को खण्ड (ङ) बमोजिम अवकास दिन संस्थाको व्यवस्थापन समितिलाई निर्देशन दिइएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

मिति २०७१।६।१३